# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय,
गोलबजार, सिराहा
मधेश प्रदेश, नेपाल

## पोखरी ठेक्का १७/[illegible] सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९/०३/१४)

यस नगरपालिका क्षेत्राधिकार भित्र रहेका देहाय वमोजिमको सार्वजनिक ऐलानी पोखरीहरु जे जो अवस्थामा छन सोही अवस्थामा नै आ.व. २०७९/०८० देखी २०८१/८२ सम्मको लागी माछा तथा मखान उत्पादन गर्ने प्रयोजनको लागी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ती, फर्म वा कम्पनीहरुवाट निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलवन्दी बोलपत्र दिन सम्वन्धित सवैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ।

**शर्तहरु**

१. यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समय भित्र रु १०।-को टिकट टाँसी यस कार्यालयको राजस्व शाखावाट रु १,०००।- को (अक्षेरुपी एक हजार पछि फिर्ता नहुने गरी ) रसिद काटी फारम यस कार्यालयको प्रशासन शाखावाट खरिद गर्न सकिनेछ।

२. खरिद गरिएको आवेदन फर्म आफूले कवोल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसँग उल्लेख गरी सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२ वजेसम्म यस कार्यालयको प्रशासन शाखामा शिलबन्दी बोलपत्र पेश गर्नेको नाम र ठेगाना तथा आफुले ठेक्का लिन चाहेको पोखरीको विवरण खाममा नै उल्लेख गरी दर्ता गराई सक्नुपर्नेछ र दर्ता गराँउदा शिलवन्दी निवेदनसँग यस कार्यालयको नाममा ग्लोबल आई एम ई बैंक गोलबजारमा संचालनमा रहेको धरौटी हिसाव नं. ५५०४०१००००१६ (कार्यालयको कोड नं. ८०१०२१६०३) मा आफुले कवोल गरेको रकमको नेपाली भए ५ प्रतिशत र विदेशी भए १० प्रतिशतले हुने रकम जम्मा गरेको सक्कलै भौचर अनिवार्य पेश गर्नुपर्नेछ।।

३. दर्ता भएका सिलवन्दी बोलपत्रहरु सि.न. २ मा उल्लेखित भएको दिन दिनको २ वजे सम्वन्धित कार्यालय तथा बोलपत्र दाता वा निजको प्रतिनिधिको उपस्थितीमा खोलिनेछ तर प्रतिनिधी उपस्थिती नभए पनि खोल्न वाधा पर्ने छैन।

४. बोलपत्र खरिद गर्ने, दर्ता गर्ने वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्यहरु विदा पछि कार्यालय खुल्ने दिन सोही समयमा हुनेछ।

५. नगरपालिकालाई बुझाउनुपर्ने बाँकी बक्यौता रकम नबुझाएको तथा नगरपालिकाको पेश्की वाँकी रकम वा नगद जिन्सी वुझाउन वाँकी रहेका व्यक्तीले ठेक्का लिन पाउने छैन। कुनै कारणवश त्यस्ता व्यक्तीको ठेक्का स्वीकृत भएपनि पछि उल्लेखित विवरण जानकारी हुन आए ठेक्का बदर गरी धरौटी लगायत बुझाएको रकम समेत जफत गरिनेछ।

६. ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ। साथै सूचनामा केही कुरा थपघट गर्नु परेमा थपघट गर्नुपर्ने कुरा कार्यालयले सूचना पार्टीमा टाँस गरी जानकारी गराइनेछ साथै सूचना सम्वन्धी सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

७. ठेक्का स्वीकृत भए पश्चात रकम बुझाउदा सम्वन्धित व्यक्तीले ३ किस्तामा वा एकमुष्ठ रकम बुझाउन सकिनेछ। रकम एकमुष्ठ बुझाउँदा १० प्रतिशत छुट दिइनेछ तर किस्तामा बुझाउदा छुट दिइनेछैन किस्ता रकम बुझाउदा प्रथम किस्ता आ.व. २०७९ साल असार मसान्त भित्रै र बाँकी दोस्रो र तेस्रो किस्ताको लागी यस कार्यालयको नाममा २०८१ साल श्रावण महिनाको मसान्त सम्मको बैंक ग्यारेण्टी (पर्फमेन्स वउण्ड) वा जमानत धितो राखी आ.व. २०७९/८० र २०८१/८२ को प्रथम चौमासिक भित्रै बुझाउनुपर्ने छ। उक्त समय भित्र नबुझाए जमानतबाट असुल उपर गरिनेछ।

८. सि.न. ८ वमोजिम एकमुष्ठ रकम बुझाउदा तीनै आ.व.को तथा किस्तावन्दीमा बुझाउँदा प्रत्येक आ.व.को हिसावमा रकम बुझाएको सोही दिन वा सोको भोलीपल्ट चलनपुर्जी लिई सक्नुपर्नेछ।

९. रित नपुगेको तथा म्याद नाघी आएको शिलबन्दी बोलपत्र उपर कुनै कारवाही हुने छैन।

१०. पोखरीको संरचना आफुखुसी विगारेमा वा पोखरीमा विषालु औषधी प्रयोग गरेको पाईएमा सोको क्षतीपुर्ती ठेक्का लिने व्यक्तिवाट नगरपालिकाले असुल उपर गरी कानुनी कारवाही गरिनेछ ।

११. अन्य जानकारीको लागी कार्यालय समय भित्र सम्पर्क राखी बुझन सकिनेछ ।

१२. उपरोक्त लेखिए वाहेक अन्य कुरा प्रचलित कानुन बमोजिम हुनेछ ।

१३. रकम कवोल गर्दा तल उल्लेखित न्युनतम ठेक्का रकम भन्दा कम कवोल गर्न पाइने छैन । सवैभन्दा वढी रकम कवोल गर्नेको र रित पुगेको शिलबन्दी बोलपत्र स्वीकृत हुनेछ ।

<u>नगरपालिका क्षेत्राधिकार भित्र रहेको पोखरीहरुको विवरण आ.व.२०७९। ०८० देखी २०८१। ०८२ सम्म ठेक्का लाग्ने पोखरीहरु</u>

| सि.न | पोखरीहरुको नाम | पोखरीहरुको स्थान | ३ आ.व. को लागी हालको न्यूनतम ठेक्का रकम | कैफियत |
|---|---|---|---|---|
| १ | बेतौना-७, | गोलबजार-१२ | ५०५०५१ | |
| २ | वेतौना-८, | गोलबजार-१२ | ३६५००० | |
| ३ | इश्रीवाला पोखरी, | गो.न.पा. १२ | १३०००० | |
| ४ | वेतौना-३ख, | गोलबजार-१२ | १५०१०० | |
| ५ | भर्तिवाल पोखरी, | गो.न.पा.१ | १९००० | |
| ६ | कसहा खोला, | गो.न.पा. १ | १९००० | |
| ७ | खजनपुरिया पोखरी | गो.न.पा. १ | २९५०० | |
| ८ | राम भरस पोखरी, | गो | १३५०० | |
| ९ | डावर खाता, | गो.न.पा. १ | ५५०० | |
| १० | सिचाई बाँध, | गो.न.पा. १ | २४१००० | |
| ११ | वहिंरी बाँध, | गो.न.पा. १ | २०१००० | |
| १२ | भट्ठीबाला, | गो.न.पा. १३ | २११००० | |
| १३ | धुरमौवा पोखरी, | गो.न.पा. १३ | ५५५०० | |
| १४ | विष्ट घर निरको पोखरी, | गो.न.पा. ४ | १५५५०५ | |
| १५ | मैजनिया पोखरी | गो.न.पा.१३ | ८०००० | |
| १६ | जिम्दार पोखरी, | गो.न.पा. १३ | ३५०००० | |
| १७ | वेतौना ४ग, नंगुर्वा पोखरी | गो.न.पा. ३ | १६५००० | |
| १८ | असनपुर -3 पोखरी, | गो.न.पा. ७ | ३१५०० | |
| १९ | असनपुर २ पोखरी, | गो.न.पा. ७ | २५००० | |
| २० | असनपुर ८ , पोखरी, | गो.न.पा. ७ | ७५०० | |
| २१ | असनपुर ३ पोखरी, | गो.न.पा. ८ | १६०० | |
| २२ | गौतम पोखरी, | गो.न.पा. ५ | २७१५० | |
| २३ | दुर्गापुर २ फट्टीवाला पोखरी, | गो.न.पा. १३ | २००००० | |
| २४ | दुर्गापुर ५ भानवाला पोखरी, | गो.न.पा. १३ | १५०३०० | |
| २५ | भाईजीटोल पोखरी, | गो.न.पा. ८ | ७३००० | |
| २६ | डन्डा पोखरी, | गो.न.पा. ९ | ७०६००० | |
| २७ | गिट्टीवाला पोखरी, | गो.न.पा. ८ | ४२६००० | |

गोलबजार नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
गोलबजार, सिरहा ।